# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः २ मितिः २०७९/०३/३०

भाग-२

## देवघाट गाउँपालिका स्वरोजगार उद्यम विकास कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७९

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिका स्वरोजगार उद्यम विकास कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७९

कार्यपालिकाको वैठकबाट दोस्रो संशोधन मितिः २०७९/०३/१९

प्रमाणित मितिः २०७९/०३/२५

स्वरोजगार उद्यम विकास कोष (सञ्चालन) नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, देवघाट गाउँपालिका, कार्यपालिकाले देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "देवघाट गाउँपालिका स्वरोजगार उद्यम विकास कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावाली, २०७९" रहेको छ ।

२. देवघाट गाउँपालिका स्वरोजगार उद्यम विकास कोष (सञ्चालन) नियमावली, २०७४ को नियम (२) खण्ड (ञ) पछि देहायको (ट) थप गरिएको छ ।
(ट) "उद्यम व्यवसाय" भन्नाले नियम (४) बमोजिमको उद्देश्य अनुसार कार्य गर्ने साना तथा घरेलु उद्यम, व्यवसाय, व्यापार, पसल सम्झनु पर्दछ ।

३. नियम (४) को उपनियम (६) अन्तर्गत बैंक, वित्तिय संस्था तथा सहकारी संस्थामार्फत हटाइएको छ ।

४. (१) नियम (५) को उपनियम (१) मा बढीमा दुई लाखको सट्टामा बढीमा तीन लाख राखिएको छ ।
(२) नियम (५) को उपनियम (२) हटाइएको छ ।

५. (१) नियम (८) को उपनियम (घ) हटाएको छ ।
(२) नियम (८) को उपनियम पछि देहाय अनुसार (ज) थप गरिएको छ ।
(ज) ऋण साँवा, ब्याज, किस्ता नियमित रुपमा असुल उपर गर्ने ।

६. नियम (९) को उपनियम (१) को ठाउँमा देहायको व्यवस्था गरिएको छ ।
(१) बेरोजगारले स्वरोजगार उद्यम सञ्चालनको लागि ऋण लिन आफ्नो व्यवसायिक योजनाको आधारमा कार्ययोजना बनाई समिति समक्ष निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदन परेपछि समितिले औचित्य आवश्यकता तथा प्रभावकारिता हेरी त्यस्तो व्यवसायिक योजना तथा कार्ययोजना स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

७. (१) नियम (९) को उपनियम (२) हटाइएको छ ।
(२) नियम (९) को उपनियम (३) र (४) को ठाउँमा देहायको (३) र (४)

राखिएको छ ।

(३) उपनियम (१) बमोजिम व्यवसायिक योजना तथा कार्ययोजना स्वीकृत भएमा समितिले ऋण स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) अनुसार ऋण स्वीकृत भएपछि कार्यालयबाट ऋण लगानी प्रक्रिया अगाडी बढाइनेछ ।

८. नियम (१०) को उपनियम (३) अन्तर्गत पसल, उद्योग, व्यवसाय थप गरिएको छ ।

९. नियम (११) को उपनियम (२) हटाइएको छ ।

१०. (१) नियम (१२) को उपनियम (३) को प्रावधान पछि देहायको प्रावधान थप गरिएको छ "साथै वडा कार्यालयबाट सेवा सुविधा रोक्काको लागि विवरण तयार गरी पठाइनेछ ।"

(२) नियम (१२) (क) को खण्ड (च) हटाइएको छ ।

११. नियम १३ को उपनियम १ अन्तर्गत बैंक, वित्तिय संस्था तथा सहकारी संस्था हटाई व्यक्ति, फर्म उद्योगी व्यवसायी थप गरिएको छ साथै अनुसूची-१, २ र ३ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ थप गरिएको छ ।

१२. देवघाट गाउँपालिकाले स्वरोजगार उद्यम विकास कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७९ मा देहायको अनुसूची-१, २ र ३ थप गरिएको छ ।

अनुसूची - १

१. निवेदन

२. फर्म दर्ता प्रमाण पत्रहरु

३. कर चुक्ता प्रमाण पत्र

४. व्यवसाय विमालेख

५. नागरिकता

६. प्रतिबद्धता-पत्र

अनुसूची — २
(निवेदनको ढाँचा)

श्रीमान अध्यक्षज्यू,
देवघाट गाउँपालिका, स्वरोजगार उद्यम विकास कोष सञ्चालन समिति
देवघाट, तनहुँ ।
महोदय,

विषयः ऋण पाउँ भन्ने बारे ।

श्री .............................................. नाति/नातिनी/बुहारी ............................... ...... को छोरा/छोरी/पत्नी ..................................................... को पति/पत्नी ... ....................................... तनहुँ जिल्ला, देवघाट गाउँपालिका वडा नं. ................ बस्ने म ............................................... लाई तपसिलमा उल्लेखित व्यवसाय/परियोजना सञ्चालन गर्न रु. ................................ अक्षरुपी ............................... ............. मात्र आवश्यक भएको हुँदा मिति .................... भित्र ....................... किस्ताबन्दीमा साँवा तथा सोको ................. प्रतिशत ब्याज समेत तिर्ने गरी निम्नलिखित शर्त तथा जमनीमा ऋण उपलब्ध गराईदिनु हुन म यो निवेदन पेश गरेको छु/गरेकी छु ।

| व्यवसाय/परियोजनाको नाम | व्यवसाय/परियोजनाको विवरण | | | व्यवसाय/परियोजनाबाट हुने प्रत्यक्ष उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| | आफ्नै स्रोत | कोषको ऋण | कूल लागत | | |
| | | | | | |
| | | | | | |

शर्तहरुमाः

1. कोष लिएको ऋण चुक्ता नहुन्जेलसम्म उल्लेखित व्यवसाय/परियोजना र सो बाट उत्पादन वा वृद्धि भएको वस्तु/जेथा धितोको रुपमा राख्न मेरो मञ्जुरी छ ।
2. व्यवसाय/परियोजना घाटामा गएमा वा डुबेमा मेरो घर घरानाबाट साँवा तथा ब्याज चुक्ता गर्नेछु ।
3. ऋण रकमबाट सञ्चालन गरिने व्यवसाय/परियोजनाबाट सफल कार्यान्वयनका लागि प्राविधिक बजार व्यवस्था तथा अन्य समन्वय सम्बन्धि कार्यहरु समयमा गरी मैले कबुल गरेको समय किस्ताबन्दीमा साँवा तथा ब्याज भुक्तानी गर्दै जानेछु ।
4. मैले कबुल गरेको समयभित्र साँवा तथा ब्याज भुक्तानी गरिन भने संस्थाको नियमानुसार विलम्व शुल्क तिर्न मञ्जुर छु ।
5. अन्तिम भाखा नाघेको ६ महिनाभित्र पनि साँवा, ब्याज र विलम्ब शुल्क नबुझाएमा मेरो घरघरानाबाट असुलउपर गरि लिएमा कुनै प्रकारको उजुरबाजुर गर्ने छैन ।

घरजमानीको विवरण

| क्र.सं. | सम्पतिमा रहेको व्यक्तिको नाम | अचल सम्पतिको पूरा विवरण | कित्ता नं. | क्षेत्रफल | समितिले मूल्यांकन गरेको रकम | ऋणीले ऋण चुक्ता नगरेको मेरो नाममा रहेको धितो लिलाम गरी लिएमा मञ्जुर छ भनि सही गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

भवदिय,

माथि उल्लेखित शर्तहरु पालना नगरेमा वा मैले दिएका जानकारीहरु झुठा ठहरेमा ऐन अनुसार सहुँला बुझाउँला ।

प्राप्त निवेदनमाथि छानविन तथा स्थलगत निरीक्षण गर्दा माथि उल्लेखित व्यवसाय/परियोजना सञ्चालन गर्नका लागि रु....... अक्षरुपी ........................................ मात्र ऋण उपलब्ध गराउन बाञ्छनीय देखिन्छ ।

सिफारिस गर्ने

निरीक्षण गर्ने

सदर गर्ने

दस्तखतः

दस्तखतः

दस्तखतः

नामः

नामः

नामः

मितिः

मितिः

मितिः

## अनुसूची — ३
### (तमसुकको ढाँचा)

लिखितम धनिका नाम तनहुँ जिल्ला देवघाट गाउँपालिका अन्तर्गत स्वरोजगार उद्यम विकास कोष, धन व्यहोर्ने ऋणीको नाम श्री .. .............................. को नाती/नातिनी/बुहारी श्री ........ .......................... का छोरा/पत्नी .................... जिल्ला ................... न.पा./गा.पा. वडा नं. ......... बस्ने नागरिकता प्रमाण-पत्र नं. ............ जिल्लाका वर्ष ........ का श्री/श्रीमती/सुश्री ...................................... ले .......................... .......... कार्य गर्नको लागि मिति ............................ मा पेश गरेको ऋण निवेदनमा उल्लेखित शर्तहरु र तपसिल बमोजिमको जमानी राखि कोषको नीति, नियम र निर्देशन समेतलाई पालना गर्ने गरी आजका मितिमा रु. .......... (अक्षरुपी ......................... ..............) ऋण लिएको ठीक साँचो हो । उक्त ऋण रकम र सोमा लाग्न वार्षिक .....% का दरले ब्याज समेत .......... साल ........ महिना ..... गते भित्र मासिक किस्तामा सम्पूर्ण साँवा तथा ब्याज यसै कार्यालयमा बुझाउने छु । जुन कार्यका लागि ऋण लिएको हो, सो कार्यमा नलगाएमा एवं भाखाभित्र साँवा तथा ब्याज बुझाउन नल्याएमा कोषको नियमानुसार लाग्न हर्जाना/विलम्व शुल्क समेत बुझाउन मञ्जुर छु । कथंकदाचित मैंले बुझाउन पर्ने साँवा, ब्याज र हर्जाना समेत नबुझाएमा मेरो जग्गाबाट चल अचल सम्पतीबाट असु उपर गरिलिनु र उक्त रकमबाट पनि पूरा असुल हुन नसकेमा अन्य मेरो तथा मेरो एकाघरको संगोलको परिवारको नाममा रहेको चल-अचल श्री सम्पतीबाट प्रचलित कानून बमोजिम असुल उपर गरिलिनु भएमा कुनै प्रकारको उजुर बाजुर गर्ने छैन भनि मेरो राजीखुशी तथा मञ्जुरी किनारका साक्षीका रोहवरमा यसै गा.पा. कार्यालयमा बसी यो तमसुकमा सही छाप गरी दिएँ ।

तपसिल

पारिवारिक विवरण

| क्र.सं. | घरपरिवारको सदस्यको नाम | ठेगाना | नागरिकता नं. | नाता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ऋणीको दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |

इति सम्बत २०..... साल ....... महिना ..... गते रोज ...... शुभम् ।

आज्ञाले
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ऋणीको दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |

रोहबर

देवघाट गाउँपालिका वडा नं. ........... का वडा अध्यक्ष श्री ...........१

साक्षी

देवघाट गाउँपालिका वडा नं. ........... बस्ने वर्ष का श्री ...........१

देवघाट गाउँपालिका वडा नं. ........... बस्ने वर्ष का श्री ...........१